दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ न प्रदेश, नेपाल

मिति:- २०७६-०७-१४

बेरोजगारको सूचीमा सूचिकृत व्यक्तिहरुको लागि अत्यन्त जरुरी सूचना

रोजगारीको हक सम्बन्धी ऐन, २०७५, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम आ.व.०७६/७७ को लागि बेरोजगारको सूचीमा सूचिकृत भै न्यूनतम रोजगारीमा संलग्न हुने प्रयोजनका लागि आ.व.०७५/७६ को चैत्र र वैशाख महिनामा सम्बन्धित वडा कार्यालयहरु मार्फत निवेदन संकलनको कार्य भएको विदितै छ ।

हाल प्राप्त निवेदनहरु रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्ट गर्नुपर्ने भएको तर निवेदनमा केही विवरणहरु भरेको नदेखिएकोले यही २०७६ कार्तिक मसान्त भित्र आ-आफ्नो सम्बन्धित वडा कार्यालयमा गई निवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु पूर्ण रुपमा भर्नु हुन जानकारीको लागि अनुरोध गरिन्छ । कुनै पनि विवरण भर्न छुट हुन गएमा प्राविधिक कारणबाट उक्त व्यक्ति वेरोजगारको सूचीबाट हट्न जाने व्यहोरा समेत जानकारीको लागि अनुरोध गरिन्छ । विवरण भर्दा माग अनुसारको सही विवरण भर्नु हुन र गलत विवरण भरी फाराम भरेको छानवीनबाट देखिएमा कानून बमोजिम सजायको समेत भागिदार हुन सक्ने अवस्था प्रति सचेत रहन समेत अनुरोध गरिन्छ ।

नोट:-

- निवेदनमा आफ्नो व्यक्तिगत विवरणका साथै एकाघरका सम्पूर्ण सदस्यको नाम नामेसी सहित नागरिकता नं., नागरिकता जारी जिल्ला, जारी मिति, नाता, शैक्षिक योग्यता, सीप/दक्षताको अवस्था, रोजगारीको अवस्था, आम्दानी, सरकारी वा अन्य कोषबाट सहायता लिए/नलिएको आदि समेत पूर्ण रुपमा भरेको हुनुपर्नेछ ।
- आफ्नो फोटो र नागरिकताको प्रतिलिपी नबुझाउनु भएका सम्पूर्ण निवेदकहरुले १ प्रति पासपोर्ट साइजको फोटो र नागरिकताको प्रतिलिपी बुझाउनु हुन समेत अनुरोध छ ।

घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ ०१ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np